# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, Save the Children र The Global Fund बिच भएको सम्झौता अनुसार राष्ट्रिय क्षयरोग केन्द्र, ठिमीको TB कार्यक्रमको लागि Save the Children मार्फत प्राप्त हुने अमेरिकी डलर १०,११,०८२.४३ (दश लाख एघार हजार बयासी सेन्ट त्रिचालिस) मूल्य बराबरको औषधीजन्य सामग्री पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण छुट दिने निर्णय मिति २०७८।१२।१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक अध्यादेश, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राहदानी विभागबाट अन्तर्राष्ट्रिय बोलपत्र बमोजिम विद्युतीय राहदानी (e-MRTDs) को छपाई गर्न आवश्यक पर्ने युरो २,१६,२२१.८४ (दुई लाख सोह्र हजार दुई सय एक्काइस सेन्ट चौरासी) मूल्य बराबरको मेशिन औजार, कच्चा पदार्थ लगायतका सामग्री पैठारी गर्दा लाग्ने भन्सार महसुल, मूल्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अभिवृद्धि कर लगायत सम्पूर्ण कर छुट दिने निर्णय मिति २०७८।०४।१९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक अध्यादेश, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राहदानी विभागबाट अन्तर्राष्ट्रिय बोलपत्र बमोजिम विद्युतीय राहदानी (e-MRTDs) को खाली बुकलेट, सोको प्रणाली, उपकरण र पर्सनलाईजेशन केन्द्रको सर्भर प्रणाली स्थापना र प्रत्यक्ष दर्ता प्रणाली स्थापनाको लागि फ्रान्स र सिंगापुरबाट युरो ४,८१,६४८.०४ (चार लाख एकासी हजार छ सय अठचालिस सेन्ट चार) र अमेरिकी डलर २६,०५८.०० (छब्बीस हजार अन्ठाउन्न) मूल्य बराबरको मेशिनरी उपकरणहरु दोस्रो लटमा पैठारी गर्दा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर लगायत सबै शुल्क छुट दिने निर्णय मिति २०७८।०५।०८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक अध्यादेश, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राहदानी विभागबाट अन्तर्राष्ट्रिय बोलपत्र बमोजिम विद्युतीय राहदानी (e-MRTDs) को खाली बुकलेट, सोको प्रणाली, उपकरण र पर्सनलाईजेशन केन्द्रको सर्भर प्रणाली स्थापना र प्रत्यक्ष दर्ता प्रणाली स्थापनाको लागि फ्रान्स र सिंगापुरबाट युरो ५,५२,४३४.६१ (पाँच लाख बाउन्न हजार चार सय चौतिस सेन्ट एकसट्ठी) मूल्य बराबरको मेशिनरी उपकरणहरु तेस्रो र चौथो लटमा पैठारी गर्दा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लगायत सम्पूर्ण शुल्क पूर्ण छुट दिने निर्णय मिति २०७८।०५।१७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ५

नेपाल सरकार, अर्थ मन्त्रालयले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ बमोजिम जारी सूचित आदेशको दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राहदानी विभागबाट अन्तर्राष्ट्रिय बोलपत्र बमोजिम विद्युतीय राहदानी (e-MRTDs) को लागि आवश्यक पर्ने अमेरिकी डलर १४,९९,२३२.०० (चौध लाख उनान्सय हजार दुई सय बत्तिस) मूल्य बराबरको दुईवटा Full-in-line automated e-passport personalization machine र अमेरिकी डलर ३,७४,८०८.०० (तीन लाख चौहत्तर हजार आठ सय आठ) मूल्य बराबरको छ वटा Laser Heas of Full-in-line automated e-passport personalization machine पाँचौं लटमा पैठारी गर्दा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर लगायत सम्पूर्ण शुल्क पूर्ण छुट दिने निर्णय मिति २०७८।०६।०६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राहदानी विभागबाट अन्तर्राष्ट्रिय बोलपत्र बमोजिम विद्युतीय राहदानी (e-MRTDs) को लागि आवश्यक पर्ने युरो १,०७,४२७.२७ (एक लाख सात हजार चार सय सत्ताइस सेन्ट सत्ताइस) मूल्य बराबरको दुईसय एक थान क्यामेरा र चालिस थान युपिएस र युरो ४१,३९२.४६ (एकचालिस हजार तीन सय बयानब्बे सेन्ट छयालीस) मूल्य बराबरको एकसय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छयालिस थान स्वीच छैटौं लटमा पैठारी गर्दा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर लगायत सम्पूर्ण शुल्क पूर्ण छुट दिने निर्णय मिति २०७८।०६।३१ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ७

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय क्षयरोग केन्द्र, ठिमीको नाममा The Global Fund को आर्थिक सहयोगमा Save the Children मार्फत प्राप्त हुने अमेरिकी डलर १,१४,०००.०० (एक लाख चौध हजार) मूल्य बराबरको ल्याब उपकरण GXIV-4-D-10C(GenExpert IV R2) थान छ पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण छुट दिने निर्णय मिति २०७८।०७।१२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ८

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल आयल निगम लिमिटेडका लागि अन्तर्राष्ट्रिय उडानमा प्रयोग हुने १,२०,००० (एक लाख बीस हजार) किलो लिटर हवाई इन्धनको पैठारीमा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर छुट दिने निर्णय मिति २०७८।०७।१२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ९

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी विगु गाउँपालिका, दोलखाको लागि छिमेकी राष्ट्र चीनको टिङ्ग्रीबाट सहयोगस्वरुप प्राप्त हुने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चिनीयाँ मुद्रा ५,४१,२००.०० (पाँच लाख एकचालिस हजार दुई सय) मूल्य बराबरको Medical Aid र अन्य सामग्रीको पैठारीमा लाग्ने भन्सार महसुल तथा कर महसुल छुट दिने निर्णय मिति २०७८।०७।१४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना १०

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी Covax Facility अन्तर्गत कोभिड-१९ विरुद्धको खोप कार्यक्रम सञ्चालनका लागि स्वास्थ्य सेवा विभाग टेकुको नाममा UNICEF मार्फत प्राप्त हुने अमेरिकी डलर ४१,४७२.०० (एकचालिस हजार चार सय बहत्तर) मूल्य बराबरको Syringe हरु पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा अन्य कर छुट दिने निर्णय मिति २०७८।०७।१५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ११

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सैनिक मिशनको लागि नेपाली सेनाले NEPAL ARMY HEADQUARTERS, KATHMANDU को नाममा पैठारी गर्ने अमेरिकी डलर १०,४९,६००.०० (दश लाख उनन्चास हजार छ सय) मूल्य बराबरको APC Wheeled Recovery, Qty- 2 units पैठारीमा लाग्ने अन्तःशुल्क तथा कर महसुल (सडक निर्माण दस्तुरसमेत) छुट दिने निर्णय मिति २०७८।०७।१७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना १२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी राहदानी विभागबाट विद्युतीय राहदानी (e-MRTDs) को छपाईका लागि आवश्यक पर्ने मेशिन औजार, कच्चा पदार्थ लगायतका सामग्रीहरु तथा विद्युतीय राहदानीको खाली बुकलेट, सोको प्रणाली उपकरण र पर्सनलाईजेशन केन्द्रको सर्भर प्रणाली स्थापना र प्रत्यक्ष दर्ता प्रणाली स्थापनाको लागि फ्रान्स लगायत अन्य विदेशी राष्ट्रहरुबाट अमेरिकी डलर ११,०२२.०० (एघार हजार बाइस) मूल्य बराबरको मेशिनरी उपकरणहरु सातौं लटमा पैठारी गर्दा लाग्ने भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर लगायत सबै शुल्क पूर्ण छुट दिने निर्णय मिति २०७८।०८।०१ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना १३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी चीन सरकारको प्राविधिक तथा आर्थिक सहयोगमा रसुवाको टिमुरेमा सुख्खा बन्दरगाह निर्माणको लागि नेपाली पक्षबाट इन्टरमोडल यातायात विकास समिति र चिनीयाँ पक्षबाट Tibet Fuli Construction Group Co. Ltd. बिच Implementation Minutes for China Aid Timure Boarder Inspection Station Project in Nepal मा हस्ताक्षर भए बमोजिम आयोजना कार्यान्वयनको लागि Tibet fuli Construction Group Co. Ltd. को नाममा पैठारी हुने स्वीकृत माष्टर लिष्टमा उल्लेख भए बमोजिम चिनीयाँ मुद्रा ८,७३,२३०.०० (आठ लाख त्रिहत्तर हजार दुई सय तीस) मूल्य बराबरको आयोजनामा खपत हुने सामग्री तथा उपकरणमा लाग्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्सार महसुल तथा अन्य कर लगायत सम्पूर्ण महसुल छुट दिने निर्णय मिति २०७८।०८।०१ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना १४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र विश्व खाद्य कार्यक्रमबिच २६ सेप्टेम्बर २००७ मा सम्पन्न छाता सम्झौता (संशोधन सहित) को दफा ३ मा उल्लेख भए अनुरुप विश्व खाद्य कार्यक्रम, नेपालले Food Assistance to affected people अन्तर्गत विश्व खाद्य कार्यक्रमले सञ्चालन गर्ने विभिन्न कार्यक्रमको लागि भारतीय रुपैयाँ १७,९७,६७१.१५ (सत्र लाख सन्तानब्बे हजार छ सय एकहत्तर पैसा पन्ध्र) मूल्य बराबरको खाद्य सामग्री पैठारीमा लाग्ने सम्पूर्ण भन्सार महसुल, मुल्य अभिवृद्धि कर तथा अन्य महसुल छुट दिने निर्णय मिति २०७८।०८।०५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राहदानी विभागबाट अन्तर्राष्ट्रिय बोलपत्र बमोजिम विद्युतीय राहदानी (e-MRTDs) को लागि आवश्यक पर्ने अमेरिकी डलर ७,४९,६१६.०० (सात लाख उनन्चास हजार छ सय सोह्र) मूल्य बराबरको एक थान Full-in-line Automatee e-Passport Personalization Machine र अमेरिकी डलर १,८७,४०४.०० (एक लाख सत्तासी हजार चार सय चार) मूल्य बराबरको तीन थान Laser Head of Full-in-line Automated e-passport Personalization Machine स्वीकृत माष्टर लिष्ट बमोजिम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आठौं लटमा पैठारी गर्दा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर लगायत सम्पूर्ण शुल्क पूर्ण छुट दिने निर्णय मिति २०७८।०८।१३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना १६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल रेडक्रस सोसाइटी, प्रादेशिक रक्त सञ्चार केन्द्र धनगढी, कैलालीले भारतीय रुपैयाँ ३५,००,०००.०० (पैतीस लाख) मूल्य बराबरको BCTV on LP 712/34 BSIII Ambulance/Blood Collection Van (एम्बुलेन्स नभई रक्त सङ्कलनका लागि आवश्यक साधन) पैठारीमा लाग्ने एक प्रतिशत भन्सार महसुल लिई अन्य कर महसुल तथा दस्तुर पूर्ण छुट दिने निर्णय मिति २०७८।०८।१३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना १७

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र भारत सरकारबिच २४ अगष्ट २०१५ मा भएको जि.टु.जि. सम्झौताको दफा ४.२(ई) बमोजिम मोतिहारी-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन परियोजनाको दोस्रो चरणको विविध निर्माण कार्यका लागि पैठारी गर्ने स्वीकृत माष्टरलिष्टमा उल्लेख भए बमोजिम भारतीय रुपैयाँ ५७,८९,५३,८९३।६७ (सन्ताउन्न करोड उनानब्बे लाख त्रिपन्न हजार आठ सय त्रियानब्बे पैसा सतसट्ठी) मूल्य बराबरका उपकरण तथा सामग्रीमा भन्सार महसुल लगायत पूर्ण कर तथा महसुल छुट दिने निर्णय मिति २०७८।०८।१३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना १८

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र विश्व खाद्य कार्यक्रमबिच २६ सेप्टेम्बर २००७ मा सम्पन्न छाता सम्झौता (संशोधन सहित) को दफा ३ मा उल्लेख भए अनुरुप School Meal Programme/Food for Education Project (FFEP) अन्तर्गत विश्व खाद्य कार्यक्रमले सञ्चालन गर्ने विभिन्न कार्यक्रमको लागि अमेरिकी डलर १०,२१,३०१.०० (दश लाख एक्काइस हजार तीन सय एक) मूल्य बराबरको खाद्य सामग्री पैठारीमा लाग्ने सम्पूर्ण कर तथा महसुल छुट दिने निर्णय मिति २०७८।०८।१३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १९

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी Covax Facility अन्तर्गत कोभिड-१९ विरुद्धको खोप कार्यक्रम सञ्चालनका लागि स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकुको नाममा UNICEF मार्फत प्राप्त हुने अमेरिकी डलर २४,८२६.१४ (चौबिस हजार आठ सय छब्बिस सेन्ट चौध) र युरो २१,१३४.३६ (एक्काइस हजार एक सय चौतिस सेन्ट छत्तिस) मूल्य बराबरको स्वास्थ्य सामग्री पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा अन्य कर छुट दिने निर्णय मिति २०७८।०८।१३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २०

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी तेह्रौं NEPAL-INDIA BILATERAL CONSULTATIVE GROUP ON SECURITY ISSUES (NIBCGSI) बैठकमा सहमती भए अनुसार भारतीय पक्षले नेपाली सेनालाई सहयोग स्वरुप प्रदान गर्ने भारतीय रुपैयाँ ६,२०,७८,५००.०० (छ करोड बीस लाख अठहत्तर हजार पाँच सय) मूल्य बराबरको पाँच थान Mine Protected Vehicles (MPvs) पैठारी गर्दा लाग्ने सम्पूर्ण कर तथा महसुल छुट दिने निर्णय मिति २०७८।०८।१५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २१

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र विश्व खाद्य कार्यक्रमबिच २६ सेप्टेम्बर २००७ मा सम्पन्न छाता सम्झौता (संशोधन सहित) को दफा ३ मा उल्लेख भए अनुरुप School Meal Programme/Food for Education Project (FFEP) अन्तर्गत विश्व खाद्य कार्यक्रमले सञ्चालन गर्ने विभिन्न कार्यक्रमको लागि अमेरिकी डलर ६,६३,३२८.०० (छ लाख त्रिसट्ठी हजार तीन सय अठ्ठाइस) मूल्य बराबरको खाद्य सामग्री पैठारीमा लाग्ने सम्पूर्ण कर तथा महसुल छुट दिने निर्णय मिति २०७८।०८।१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राहदानी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विभागबाट अन्तर्राष्ट्रिय बोलपत्र बमोजिम विद्युतीय राहदानी (e-MRTDs) को लागि आवश्यक पर्ने अमेरिकी डलर १,५७,३०२.१७ (एक लाख सन्ताउन्न हजार तीन सय दुई सेन्ट सत्र) मूल्य बराबरको BIOMETRIC REGISTRATION KITS (Enrollment workstations-Mobile Laptop) थान सैंतिस स्वीकृत माष्टर लिष्ट बमोजिम नवौं लटमा पैठारी गर्दा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर लगायत सबै शुल्क पूर्ण छुट दिने निर्णय मिति २०७८।०८।२२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल प्रहरीलाई आवश्यक Communication Equipment (Hytera Package & Spare Parts)-1 package मा समावेश सुरक्षा सामग्री (सञ्चार उपकरण) नेपाल प्रहरी हेडक्वाटरको नाममा पैठारी हुने अमेरिकी डलर १,६७,०००.०० (एक लाख सतसट्ठी हजार) मूल्य बराबरको सुरक्षा सामग्री पैठारीमा लाग्ने अन्तःशुल्क छुट दिने निर्णय मिति २०७८।०८।२४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संयुक्त राष्ट्र संघको आह्वानमा शान्ति स्थापनार्थ तैनाथ हुन जाने नेपाली सेनाको युनिटको लागि आवश्यक अमेरिकी डलर १७,३४,६५०.०० (सत्र लाख चौतिस हजार छ सय पचास) मूल्य बराबरको Truck थान उन्नाइस



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पैठारीमा लाग्ने अन्तःशुल्क र सडक निर्माण दस्तुर पूर्ण छुट दिने निर्णय मिति २०७८।०८।२७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, गृह मन्त्रालयलाई हस्तान्तरण गर्ने र नेपाल प्रहरीले प्रयोग गर्ने गरी तिब्बत सार्वजनिक सुरक्षा विभाग (Department of Public Security, Tibet) ले सहयोगस्वरुप प्रदान गर्ने चिनीयाँ मुद्रा ११,४९,०७०.०० (एघार लाख उनन्चास हजार सत्तरी) मूल्य बराबरको सुरक्षा सामग्री र चिनीयाँ मुद्रा ५,८०,०००.०० (पाँच लाख असी हजार) मूल्य बराबरको कोभिड नियन्त्रण सम्बन्धी स्वास्थ्य सामग्री पैठारीमा लाग्ने भन्सार महसुल छुट दिने निर्णय मिति २०७८।०९।०५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र विश्व खाद्य कार्यक्रमबिच २६ सेप्टेम्बर २००७ मा सम्पन्न छाता सम्झौता (संशोधन सहित) को दफा ३ मा उल्लेख भए अनुरुप School Meal Programme/Food for Education Project (FFEP) अन्तर्गत विश्व खाद्य कार्यक्रमले सञ्चालन गर्ने विभिन्न कार्यक्रमको लागि अमेरिकी डलर १०,१०७.०० (दश हजार एक सय सात) मूल्य बराबरको खाद्य सामग्री पैठारीमा लाग्ने सम्पूर्ण महसुल तथा कर छुट दिने निर्णय मिति २०७८।०९।०६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २७

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी Covax Facility अन्तर्गत कोभिड-१९ विरुद्धको खोप कार्यक्रम सञ्चालनका लागि स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकुको नाममा UNICEF मार्फत प्राप्त हुने अमेरिकी डलर ४६,४३६.०० (छयालीस हजार चार सय छत्तिस) मूल्य बराबरको स्वास्थ्य सामग्री पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा अन्य कर छुट दिने निर्णय मिति २०७८।०९।०६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २८

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी यस मन्त्रालयको मिति २०७८।०८।१३ मा भएको सि.नं. ३ मा उल्लिखित कर छुटको निर्णय भैसकेकोमा हाल सोमा संशोधन भई आए अनुसार साविक निर्णयमा उल्लिखित सि.न. ३ को बदलामा सि.नं. १ मा उल्लेख भएको विवरणलाई कायम गरी नेपाल सरकार र विश्व खाद्य कार्यक्रमबिच २६ सेप्टेम्बर २००७ मा सम्पन्न छाता सम्झौता (संशोधन सहित) को दफा ३ मा उल्लेख भए अनुरुप School Meal Programme/Food for Education Project (FFEP) अन्तर्गत विश्व खाद्य कार्यक्रमले सञ्चालन गर्ने विभिन्न कार्यक्रमको लागि अमेरिकी डलर १,४२,०३३.०० (एक लाख बयालिस हजार तेत्तिस) मूल्य बराबरको खाद्य सामग्री पैठारीमा लाग्ने सम्पूर्ण महसुल तथा कर छुट दिने निर्णय मिति २०७८।०९।०८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २९

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, टेकुको नाममा Save the Children मार्फत प्राप्त हुने अमेरिकी डलर ८१,६९१.८० (एकासी हजार छ सय एक्कानब्बे सेन्ट असी) मूल्य बराबरको Malaria RDT Kit पैठारी गर्दा लाग्ने सम्पूर्ण भन्सार महसुल छुट दिने निर्णय मिति २०७८।०९।२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३०

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी भारतीय सहयोग अन्तर्गत भारतीय दुतावास मार्फत भक्तपुर क्यान्सर अस्पताललाई सहयोग स्वरुप प्रदान गर्ने अमेरिकी डलर ८,०७,९९२.०० (आठ लाख सात हजार नौ सय बयानब्बे) मूल्य बराबरको स्वास्थ्य सामग्री तथा उपकरण पैठारीमा लाग्ने भन्सार महसुल तथा अन्य कर छुट दिने निर्णय मिति २०७८।०९।३० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३१

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय, वातावरण विज्ञान केन्द्रीय विभाग र डुक विश्वविद्यालय, डुरहाम, उत्तर क्यारोलिना, अमेरिकाको सहकार्यमा सञ्चालित Building Capacity to Improve Air Quality in South Asia: Reducing PM 2.5 through low cost sensor Networks Driven Policy Decision परियोजना कार्यान्वयन गर्न डुक विश्वविद्यालयबाट अनुसन्धानका लागि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहयोग स्वरुप प्राप्त हुने अमेरिकी डलर २५,०२५.०० (पच्चीस हजार पच्चीस) मूल्य बराबरको पैंसट्ठी थान Blue sky Air Quality Monitor पैठारी गर्दा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर लगायतका सम्पूर्ण कर छुट दिने निर्णय मिति २०७८।१०।०५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी ललितपुर महानगरपालिका, ललितपुरले भारतीय रुपैयाँ २१,४९,०००.०० (एक्काइस लाख उनन्चास हजार) मूल्य बराबरको एक थान Winger 35WB BSIV TYPE-A एम्बुलेन्स पैठारीमा लाग्ने एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर छुट दिने निर्णय मिति २०७८।१०।०६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठानले उपहारस्वरुप प्राप्त गर्ने अमेरिकी डलर ७५,०००.०० (पचहत्तर हजार) मूल्य बराबरको शल्यचिकित्सा सम्बन्धी उपकरण/सामग्री (Alcon Ngenuity #3D Visualization System-1) पैठारी गर्दा लाग्ने एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल अन्य कर तथा शुल्क छुट दिने निर्णय मिति २०७८।१०।०९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई कतार च्यारिटी नामक गैरसरकारी संस्था मार्फत सहयोग स्वरुप प्राप्त हुने भारतीय रुपैयाँ ४७,७८,६४०.०० (सतचालिस लाख अठहत्तर हजार छ सय चालिस) मूल्य बराबरको आठ थान एम्बुलेन्स पैठारीमा आर्थिक ऐन, २०७७ को दफा १८ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम एक प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण भन्सार तथा कर महसुल छुट दिने मिति २०७८।०३।०६ मा निर्णय भई सकेकोमा परियोजना स्वीकृत गर्ने सम्बन्धमा विभिन्न प्रक्रिया पालना गर्दा रकम भुक्तानी ढिला हुन गएको र हालको मूल्य वृद्धिले भारतीय रुपैयाँ ५०,०५,८७२.०० (पचास लाख पाँच हजार आठ सय बहत्तर) कायम भई फरक पर्न गएकोले फरक हुन आउने रकम भारतीय रुपैयाँ २,२७,२३२.०० (दुई लाख सत्ताइस हजार दुई सय बत्तिस) समेत समायोजन गरी सो थप मूल्यमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल अन्य कर छुट दिने निर्णय मिति २०७८।१०।२० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी धुलिखेल अस्पताल, धुलिखेल, काभ्रेपलाञ्चोकको नाममा देहाय बमोजिमको स्वास्थ्य उपकरण तथा सामग्री पैठारीमा लाग्ने एक प्रतिशत भन्सार महसुल लिई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाँकी भन्सार महसुल र कर छुट दिने निर्णय मिति २०७८।१०।२७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

| क्र.स. | स्वास्थ्य उपकरण/सामग्रीको विवरण | मूल्य | दातृ संस्था |
|---|---|---|---|
| 1. | Medical Goods & Equipments | EURO 18973.50 | NepalMed-Schweiz |
| 2. | Medical Goods & Equipments | EURO 30459.40 | ,, ,, ,, ,, |
| 3. | Medical Equipments & accessories | EURO 48977.00 | ,, ,, ,, ,, |
| 4. | Dermatome Set & Neuro Instrument Set | EURO 50990.00 | ,, ,, ,, ,, |
| 5. | Medical Equipments | USD 24318 | ,, ,, ,, ,, |
| 6. | Retrofit Eclipse 1086 TEOAE+DPOAE for ABR | EURO 8500.00 | ,, ,, ,, ,, |
| 7. | Cusa Clarity System | USD 110000.00 | ,, ,, ,, ,, |
| 8. | Mayfield Headrest System | USD 19450.00 | ,, ,, ,, ,, |
| 9. | HF-59R MP C-ARM Mobile Image Intensifier Compries | EURO 25200.00 | ,, ,, ,, ,, |
| 10. | Medical Relief Goods | USD 3392.58 | Direct Relief |

## सूचना ३६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपालबाट चोरी भई अमेरिका पुगेका र नेपाली महावाणिज्यदुतावास, न्यूयोर्कबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आवश्यक प्रक्रिया पुरा गरी फिर्ता ल्याउन लागिएको अमेरिकी डलर १,६२,०००.०० (एक लाख बैसट्ठी हजार) मूल्य बराबरको १३ औं शताब्दीको मल्लकालीन ध्यान मुद्रामा रहेको प्रस्तर कलाको बुद्धको मूर्ति थान एक, १७ औं शताब्दीको काष्ठको कलात्मक तोरण थान एक र १४ औं शताब्दीको उडिरहेको गन्धर्वको आकृति कुँदिएको काष्ठकला थान एक मूर्तिहरु पैठारीमा लाग्ने सम्पूर्ण महसुल तथा कर छुट दिने निर्णय मिति २०७८।११।०६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३७

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राहदानी विभागबाट अन्तर्राष्ट्रिय बोलपत्र बमोजिम विद्युतीय राहदानी (e-MRTDs) को लागि आवश्यक पर्ने युरो ६०,१२१.३९ (साठी हजार एक सय एक्काइस सेन्ट उनन्चालिस) मूल्य बराबरको स्वीकृत माष्टर लिष्ट बमोजिम कम्प्युटर, स्मार्ट कार्डरिडर, हस्ताक्षर गर्ने प्याड तथा सफ्टवेयर लगायतका सामग्री पैठारी गर्दा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर लगायत सम्पूर्ण कर छुट दिने निर्णय मिति २०७८।११।११ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३८

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी एशियाली विकास बैङ्कको सहयोगमा जलस्रोत तथा सिँचाई विभाग, भूमिगत जल तथा भौगर्भिक महाशाखा, जावलाखेल, ललितपुरको नाममा प्राप्त हुने जलस्रोत तथा सिँचाई विभाग मार्फत एशियाली विकास बैङ्कको सहयोगमा सञ्चालन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न लागिएको Mechanized Irrigation Innovation Project (MIIP)-Pilot Project को लागि आवश्यक पर्ने अमेरिकी डलर १७,२४२.०० (सत्र हजार दुई सय बयालिस) मूल्य बराबरको प्रिपेड मिटर लगायत अन्य मेशीनरी उपकरणहरुको पैठारी गर्दा लाग्ने कर पूर्ण छुट दिने निर्णय मिति २०७८।११।१३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३९

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको नाममा The Global Fund को वस्तुगत सहायता अन्तर्गत Partnership for Supply Chain Management मार्फत प्राप्त हुने अमेरिकी डलर ३९,९८५.२० (उनन्चालीस हजार नौ सय पचासी सेन्ट बीस) मूल्य बराबरको स्वास्थ्य सामग्री पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा अन्य कर पूर्ण छुट दिने निर्णय मिति २०७८।११।१३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४०

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी युनाइटेड मिशन टु नेपाल ओखलढुङ्गा सामुदायिक अस्पताल, ओखलढुङ्गाको नाममा Viken Health Trust, Norway बाट सहयोग स्वरुप प्राप्त हुने अमेरिकी डलर १०,७००.०० (दश हजार सात सय) मूल्य बराबरको अस्पतालजन्य उपकरण तथा स्वास्थ्य सामग्री पैठारी गर्दा लाग्ने एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल लगायत अन्य कर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छुट दिने निर्णय मिति २०७८।१२।१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४१

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी एसियाली विकास बैङ्कको ऋण सहयोग, नेपाल सरकार तथा नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानीमा विद्युत प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना (PTDSSP-Power Transmission and Distribution System Strengthening Project) को उप-आयोजना (Package B2) ललितपुर-भक्तपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाबाट ललितपुर-भक्तपुर जिल्लाहरुको लगनखेल, पुल्चोक, भक्तपुर तथा ठिमी वितरण केन्द्रहरुको विद्युत वितरण प्रणाली भूमिगत तथा सुधार एवं क्षमता बढाउने तथा अटोमेशन कार्यको लागि स्वीकृत माष्टरलिष्टमा उल्लेख भए बमोजिम पैठारी गर्ने अमेरिकी डलर २,६९,९१,३४३.५२ (दुई करोड उनान्सत्तरी लाख एकानब्बे हजार तीन सय त्रिचालिस सेन्ट बाउन्न) मूल्य बराबरको आयोजनामा खपत हुने सामग्रीमा एक प्रतिशत भन्सार महसुल लिई अन्य कर महसुल छुट दिने निर्णय मिति २०७८।११।०४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४२

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी एशियाली विकास बैङ्कको ऋण सहयोग, नेपाल सरकार र नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानीमा सञ्चालित SASEC (South Asian Subregional Economic Cooperation) अन्तर्गत मर्स्याङ्दी- काठमाडौं २२० के.भी.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Transmission Line Project अन्तर्गत मर्स्याङ्दीको मार्किचोक र काठमाडौं मातातिर्थमा २२० के.भी. सबस्टेसनहरु निर्माण कार्यको लागि यस पूर्व अमेरिकी डलर १,४३,६६,५००.२५ (एक करोड त्रिचालीस लाख छैसठ्ठी हजार पाँच सय सेन्ट पच्चीस) मूल्यका मालवस्तु महसुल छुटमा आयात गर्न स्वीकृति दिइएकोमा स्वीकृत मास्टर लिष्टबाट अमेरिकी डलर ९३,८७,९२०.९३ (त्रियानब्बे लाख सत्तासी हजार नौ सय बीस सेन्ट त्रियानब्बे) मूल्य बराबरको सामान आयात भई सकेको तथा पुनः बोलपत्र आव्हान गर्दा पहिलेको ठेक्का सम्झौता भन्दा केही Scope Work परिवर्तन भई काम बढेकोले थप कार्य र पूर्व स्वीकृत मालवस्तुहरु मध्ये आयात हुन बाँकी रहेका मालवस्तु समावेश गरी अमेरिकी डलर ९७,६७,६४३.०० (सन्तानब्बे लाख सत्सठ्ठी हजार छ सय त्रिचालीस) मूल्य बराबरको स्वीकृत संशोधित मास्टर लिष्ट बमोजिम आयात हुन बाँकी रहेको आयोजनामा खपत हुने मालवस्तुहरुमा एक प्रतिशत भन्सार महसुल लिई अन्य कर तथा महसुल छुट दिने निर्णय मिति २०७८।११।०४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी एशियाली विकास बैङ्कको ऋण सहयोगमा नेपाल सरकार र नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानीमा सञ्चालित SASEC (South Asian Subregional Economic Cooperation) Power System Expansion project [Loan No. 3130 NEP (SF)] अन्तर्गत कालीगण्डकी प्रसारण कोरिडोर आयोजना अन्तर्गत निर्माणाधीन नवलपरासी (ब.सु.प.) जिल्लाको सुनवल-१३ स्थित २२०/१३२ के.भी. १०० के.भी.ए. न्यू बुटवल सबस्टेसनदेखि सोही जिल्लाको वर्दघाट नगरपालिका वडा नं. ५ सम्मको २२० प्रसारणा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाईन निर्माण कार्यको लागि अमेरिकी डलर ४१,०३,२६९.९० (एकचालीस लाख तीन हजार दुई सय उनान्सत्तरी सेन्ट नब्बे) मूल्य बराबरको स्वीकृत माष्टर लिष्ट मध्ये सि.नं. २.२१ को Walkie-Talkie बाहेक आयोजनामा खपत हुने मालवस्तुहरुमा एक प्रतिशत भन्सार महसुल लिई अन्य कर तथा महसुल छुट दिने निर्णय मिति २०७८।११।०४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी एसियाली विकास बैङ्कको ऋण सहयोग तथा नेपाल सरकारको संयुक्त लगानीमा सञ्चालित विद्युत प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना (PTDSSP-Power Transmission and Distribution System Strengthening Project) को उप-आयोजना (Package B2) काठमाडौं उपत्यका पश्चिम वितरण प्रणाली सुदृढीकरण आयोजनाबाट काठमाडौं उपत्यकाको कीर्तिपुर, कुलेश्वर, बानेश्वर, बालाजु र जोरपाटी वितरण केन्द्रहरुको विद्युत वितरण प्रणाली भूमिगत गर्ने तथा वितरण प्रणालीको सुधार एवं क्षमता बढाउने कार्यको लागि स्वीकृत माष्टरलिष्टमा उल्लेख भए बमोजिम पैठारी गर्ने अमेरिकी डलर २,६९,८८,९२९.२४ (दुई करोड उनान्सत्तरी लाख अठासी हजार नौ सय उनान्तीस सेन्ट चौबीस) मूल्य बराबरको आयोजनामा खपत हुने सामग्रीमा एक प्रतिशत भन्सार महसुल लिई अन्य कर महसुल छुट दिने निर्णय मिति २०७८।१२।२९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी एशियाली विकास बैङ्कको ऋण सहयोग, नेपाल सरकार र नेपाल विद्युत प्राधिकरणको संयुक्त लगानीमा सञ्चालित SASEC (South Asian Subregional Economic Cooperation) अन्तर्गत मर्स्याङ्दी- काठमाडौं २२० के.भी. Transmission Line Project अन्तर्गत मर्स्याङ्दीको मार्किचोक र काठमाडौं वाणभञ्याङ्गसम्म २२० के.भी. प्रसारण लाइन निर्माणको लागि दोस्रो संशोधित स्वीकृत मास्टर लिष्ट बमोजिम यस पूर्व मिति २०७५।०८।१९ मा अमेरिकी डलर १,२९,९१,५६२.६७ (एक करोड उनान्तीस लाख एकानब्बे हजार पाँच सय बैसट्ठी सेन्ट सतसट्ठी) मूल्यका मालवस्तु कर महसुल छुटमा आयात गर्न स्वीकृति दिइएकोमा उक्त प्रसारण लाइन निर्माण सम्पन्न भए पश्चात १३२ के.भी. क्षमतामा लाईन चार्ज गर्ने व्यवस्थाको लागि मार्किचोक सबस्टेसनमा दुई वटा टावर निर्माण गर्नुपर्ने साथै प्रत्येक टावरको १/१ थान स्पेयर टावर र सोसँग सम्बन्धित हार्डवेयर थप भएकोले उल्लिखित निर्माण कार्यको लागि पूर्व स्वीकृत माष्टर लिष्टमा तेस्रो संशोधन पश्चात थप हुन गएको अमेरिकी डलर १,५६,९२७.४५ (एक लाख छपन्न हजार नौ सय सत्ताइस सेन्ट पैतालीस) मूल्य बराबरको आयोजनामा खपत हुने मालवस्तुहरुमा एक प्रतिशत भन्सार महसुल लिई अन्य कर तथा महसुल छुट दिने निर्णय मिति २०७९।०१।०२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७८ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी एसियाली विकास बैङ्कको ऋण सहयोग तथा नेपाल सरकारको संयुक्त लगानीमा सञ्चालित विद्युत प्रसारण तथा वितरण अभिवृद्धि आयोजना अन्तर्गत रहेको काठमाडौं उपत्यका मध्य तथा उत्तर वितरण प्रणाली सुदृढीकरण आयोजनाबाट काठमाडौं उपत्यकाको उत्तर क्षेत्रमा अवस्थित महाराजगञ्ज वितरण केन्द्र अन्तर्गतका क्षेत्रमा रहेको वितरण प्रणाली भूमिगत गर्ने तथा वितरण प्रणालीको सुधार र क्षमता बढाउने कार्यको लागि स्वीकृत मास्टर लिष्ट बमोजिम यस पूर्व अमेरिकी डलर २,५४,३८,५०४.१५ (दुई करोड चौवन्न लाख अठ्तीस हजार पाँच सय चार सेन्ट पन्ध्र) मूल्यका मालवस्तुमा कर महसुल छुटमा आयात गर्न स्वीकृति दिइएकोमा पूर्व स्वीकृत माष्टर लिष्टमा प्रथम संशोधन गरी थप हुन गएको अमेरिकी डलर ३,१३,२७१.२५ (तीन लाख तेह्र हजार दुई सय एकहत्तर सेन्ट पच्चीस) मूल्य बराबरको आयोजनामा खपत हुने मालवस्तुहरुमा एक प्रतिशत भन्सार महसुल लिई अन्य कर तथा महसुल छुट दिने निर्णय मिति २०७९।०१।०६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
डा. अर्जुन कुमार खड्का
सहसचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.२०।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।